म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १०३ बिहीबार ७ मंसिर २०८० ने. सं. ११४४ कछलाथ्व 23 November 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## देउसीभैलोको रकमको फोक्सो बिरामीलाई

हेटौंडा, ६ मंसिर/हेटौंडा-६ रामनगर निवासी सागर बोहरा सहितका टोलीले देउसीभैलो खेलेर संकलित रकम सहयोग गरेका छन् । बुधबार रकम आन्द्रा तथा फोक्सोका विरामी समेत रहेका हेटौंडा-६ रामनगर निवासी राजेश राईलाई हस्तान्तरण गरिएको हो । आर्थिक अवस्था कमजोर रहेको राई परिवारलाई देउसी खेल्दा संकलित रकम हस्तान्तरण गरिएको बोहराले बताए । देउसी खेलेर जम्मा भएको ४१ हजार हस्तान्तरण गर्नुका साथै वडा नं. ६ का वडासदस्य लेखराज ढकालले १० हजार रकम सहगोग गरेको थिए । हस्तान्तरण कार्यक्रममा वडासदस्य ढकाल, रामनगर टोल विकास संस्थाका अध्यक्ष कृतिमान श्रेष्ठ, टोल विकास नगर समन्वय समितिका उपाध्यक्ष विष्णुप्रसाद ढुंगाना, सचिव केशव बोहरालगायतको उपस्थिति रहेको थियो ।

# हेटौंडा सिमेन्ट उद्योग पुनर्उत्थानमा मन्त्री चित्रकारको प्रतिबद्धता

साझाकुरा संवाददाता

हेटौंडा, ६ मंसिर/ बागमती प्रदेशका उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री रामकृष्ण चित्रकारल सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योगको निरीक्षण गरेका छन् ।

बुधवार मन्त्री चित्रकारले उद्योगका महाप्रबन्धक बसन्तकुमार पाण्डेसँग भेटेर उद्योगको अवस्था र पुनर्उत्थान गर्न सक्ने सम्भावनाका विषयमा चासो राखेका थिए । हेटौंडा सिमेन्ट उद्योगको जीर्ण उपकरणको निरीक्षण पश्चात चित्रकारले हेटौंडा सिमेन्ट उद्योगलाई पुनर्जीवन नदिएसम्म रोजगार वृद्धि गर्न नसकिने दावी गरे । युवाहरु रोजगारको खोजीमा विदेशिएको अवस्थामा केहीहदसम्म रोक्न प्रदेश सरकारको पनि भूमिका रहेको उनले बताए ।



मन्त्री चित्रकारले हेटौंडा सिमेन्ट उद्योगको पुनर्उत्थानका लागि संघीय उद्योग मन्त्री र अर्थमन्त्रीसँग भेटेरै कुरा राखेको बताए । 'हेटौंडा सिमेन्ट उद्योगको विषयमा मैले संघीय उद्योग मन्त्री, अर्थमन्त्री र अर्थसचीवसँग कुरा राखेको छु । अब यसलाई हामीले हिजोजस्तै क्षमतामा सञ्चालन गराउन सकरात्मक बनाउनु छ,' । 'प्रदेश सरकार यो विषयमा गम्भीर छौं' मन्त्री चित्रकारले हेटौंडा सिमेन्ट उद्योगलाई बन्द हुन नदिन संघीय सरकारसँग समन्वय गरेर अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गरे ।

उद्योगका महाप्रबन्धक पाण्डेले उद्योग बन्द हुने अवस्थामा पुगेको बताए । जीर्ण उपकरण भएका कारण निर्माण कार्य सुस्त हुनु र निजी सिमेन्ट उद्योगसँग प्रतिस्पर्धा गर्न नसक्दा लाखौं बोरा सिमेन्ट बिक्री नभएर थन्किएको उनले बताए । 'नयाँ उद्योग स्थापना गर्ने हो २० देखि २५ अर्व लाग्छ तर, १ सय ६० करोड मात्रै यही उद्योगलाई लागनी गर्ने हो भने उद्योग राम्रोसँग चलाउन सकिन्छ ।'

वि.सं. २०४३ देखि व्यावसायिक उत्पादन सुरु गरेको यो उद्योगले निजी क्षेत्रमा स्थापित उद्योगसँग प्रतिष्पर्धा गर्न नसकेकै कारण घाटामा छ । उद्योगले आर्थिक वर्ष २०७५ /७६ देखि हालसम्म करिब १ अर्व घाटा ब्यहोरेको छ । कच्चापदार्थको निरन्तर मूल्यवृद्धि, उत्पादन लागतभन्दा कम मूल्यमा सिमेन्ट बिक्री गर्नुपर्ने बाध्यताबीच उद्योग दिनप्रतिदिन टाट पल्टने स्थितिमा पुगेको उद्योग व्यवस्थापनले जनाएको छ ।

दैनिक ७५० मेट्रिकटन सिमेन्ट उत्पादन क्षमता रहेको उद्योगले केही समयअघिदेखि क्षमताभन्दा आधामात्रै उत्पादन गर्दै आएको छ । उद्योगले कोइला खरिद गरेवापत १९ करोड रुपैयाँ तिर्न बाँकी छ । नेपाल सरकार र एसियाली विकास बैंकको लगानीमा २०३३ सालमा स्थापना भएको हेटौंडा सिमेन्ट उद्योगमा ६५५ कर्मचारीको दरबन्दीमध्ये हाल १९० जना मात्रै कार्यरत् छन् ।

**निरन्तर घाटामा**

सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योग निरन्तर घाटामा छ । पटक-पटक उत्पादन बन्द गर्ने, आंशिक मात्रामा मात्रै उत्पादन गर्ने गरिएको उद्योग धराशायी बनिरहेको हो । वि.सं. २०४३ देखि व्यावसायिक उत्पादन सुरु गरेको यो उद्योगले निजी क्षेत्रमा स्थापित उद्योगसँग प्रतिष्पर्धा गर्न नसकेकै कारण घाटामा छ । उद्योगले आर्थिक वर्ष २०७५/७६ देखि हालसम्म करिब ९० करोड घाटा ब्यहोरेको पाइएको छ । कच्चापदार्थको निरन्तर मूल्यबृद्धि, उत्पादन लागतभन्दा कम मूल्यमा सिमेन्ट बिक्री गर्नुपर्ने बाध्यताबीच उद्योग दिनप्रतिदिन टाट पल्टने स्थितिमा पुगेको उद्योग व्यवस्थापनले जनाएको छ ।

उद्योगले कोइलाको १९ करोड रुपैयाँ तिर्न बाँकी छ । मौज्दात सिमेन्ट बिक्रीबाट केही रकम तिरेपछि कोइला ल्याउन सकिने र उद्योग केही समय सञ्चालनका लागि बाटो खुल्छ । तर, यसका लागि उद्योगमा भएको करिब तीन लाख बोरा मौज्दात सिमेन्ट बिक्री नभएपछि उद्योग सरकारकै मुख ताक्न बाध्य छ । उद्योगलाई दैनिक एकसय ५० मेट्रिकटन कोइला आवश्यक पर्छ । उत्पादन लागत प्रतिबोरा ७ सय हुँदा सिमेन्ट बिक्रीबाट ६ सय १० रुपैयाँमात्र उद्योगले प्राप्त गर्ने गरेको उद्योगका महाप्रबन्धक पाण्डे बताउँछन् ।

आर्थिक वर्ष २०६६/६७ देखि २०६७/६८ दुईवर्ष नाफामा रहेको उद्योग आर्थिक वर्ष २०६८/६९ देखि २०७०/७१ सम्म तीन वर्ष पुन: घाटामा गएको थियो । उद्योगले आर्थिक वर्ष २०७१/७२ देखि आ.व २०७४/७५ को ४ वर्ष नाफामा रहेको थियो तर, त्यसयता निरन्तर घाटामा उद्योग सञ्चालन हुँदै आएको छ । अहिले घाटा बजेट ९० करोड पुगेको महाप्रबन्धक पाण्डेले बताए । आर्थिक वर्ष २०६६/६७ मा ८४ हजार ९ सय ६ मेट्रिकटन सिमेन्ट उत्पादन गर्ने गरेको थियो ।

त्यो आर्थिक वर्षमा ११ करोड ७० लाख १६ हजार ८ सय ८६ रुपैयाँ नाफा गरेको उद्योगको तथ्याङ्कले देखाउँछ । आव २०७८/७९ मा १० करोड ६९ लाख २४ हजार नौसय ९३ रुपैयाँ घाटामा गएको उद्योग आर्थिक वर्ष २०७९/८० मा १० करोड घाटामा गएको देखिन्छ ।

यो उद्योग घाटामा जानुको अर्को कारण सानोतिनो निर्णय गर्न पनि उद्योग मन्त्रालयको अनुमति कुरेर बस्नुपर्ने हुन्छ । समयमै निर्णय गर्न नसक्दा उद्योगले नोक्सान थेग्न बाध्य हुनु परेको उद्योग व्यवस्थापनले जनाएको छ ।

# थाहामा बृहत खानेपानी आयोजना निर्माण प्रारम्भ



साझाकुरा संवाददाता

हेटौंडा, ६ मंसिर/ मकवानपुरको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिका-१२, लितीका बासिन्दालाई लक्षित गरी बृहत लिती खानेपानी आयोजना निर्माण सुरु भएको छ ।

थाहा नगरपालिका, मानवीय सेवा तथा अन्तरसांस्कृतिक आदानप्रदान केन्द्र (च्वाइस नेपाल) नामक संस्था र स्थानीयको श्रमदानमा डेढ वर्षभित्रमा आयोजना सम्पन्न गर्ने गरी निर्माण सुरु भएको हो । 'एक घर एक धारा' अवधारणा अनुसार २०५ घरलाई लक्षित गरी खानेपानी आयोजना निर्माण सुरु भएको थाहा नगरपालिकाका सूचना अधिकारी सुरजकुमार भुजेलले जानकारी दिए । उनका अनुसार वडाका सबै विद्यालय, सामुदायिक संस्था र व्यक्तिगत गरी २२१ वटा धारा जडान गर्ने योजना रहेको छ ।

दिगो विकास लक्ष्यको बुँदा नम्बर ६ सँग आधारित भई 'एक घर एक धारा' अभियान अन्तर्गत आयोजना निर्माण सुरु भएको भन्दै सूचना अधिकारी भुजेलले साझेदारीमा खानेपानी योजना निर्माण सम्पन्नपश्चात् थाहा नगरपालिकामा हस्तान्तरण हुने बताए । अधिकांश तामाङ समुदायको बसोबास रहेको यो क्षेत्रमा आयोजना सञ्चालन हुन लागेको हो । लिती, नयाँबस्तीलगायत वडा नं. १२ का बासिन्दा लाभान्वित हुने गरी निर्माणाधीन आयोजनाको निर्माण लागत थाहा नगरपालिका, च्वाइस नेपाल र स्थानीय जनश्रमदान गरी दुई करोड ५९ लाख ९० हजार ५०८ रुपैयाँ रहेको छ । दुई आर्थिक वर्षमा थाहा नगर पालिकाको कुल ६० लाख रुपैयाँ लागत साझेदारी रहने छ ।

च्वाइस नेपालको थाहा नगरपालिकास्थित साइट कार्यालयका व्यवस्थापक प्रताप घिमिरेका अनुसार लिती खानेपानी आयोजनाका लागि स्थानीय मेल खोलानजिक रहेको मुहानबाट पानी ल्याएर ट्यांकीमा संकलन गरी वितरण गरिने छ । उनले आयोजनाबाट स्वास्थ्य संस्था र विद्यालयमा समेत खानेपानी धारा जडान गरिने बताउँदै लिती, आधामार, नयाँ घरटोललगायतका क्षेत्रमा वितरण गरिने खानेपानी आयोजनामा थप धारा जडानका लागि माग आएकाले अहिले प्रस्तावितभन्दा धारा जडान सङ्ख्या थपिन सक्ने बताए । नागदहमा खानेपानी संकलन गर्ने गरी ट्यांकी निर्माण सुरु भएको छ ।

च्वाइस नेपालले नगर पालिकासँगको सहकार्यमा धादिङ जिल्लाको सीमाना थाहा-१२, सलमपुरस्थित खानेपानी आयोजनाबाट १८ घरधुरी, वडा नं. ६ मा तिनाल खानेपाली आयोजनाबाट १५१ घर धुरी र वडा नं. ८ दामगाँडेस्थित खानेपानी आयोजनाबाट १६५ घर लाभान्वित हुने गरी खानेपानी योजना निर्माणको काम गरिरहेको छ । थाहा नगरपालिकाको सलमपुरस्थित खानेपानी आयोजनामा १५ लाख, तिनाल खानेपाली आयोजनामा १० लाख र दामगडेस्थित खानेपानी आयोजना ६० लाख रुपैयाँ लागत सहभागिता रहेको छ ।

च्वाइस नेपालले थाहा नगरपालिकाको ५० लाख रुपैयाँको लागत सहभागितामा थाहानगरको चित्लाङमा स्वास्थ्यचौकी निर्माण गरि रहेको छ । च्वाइस नेपालको साइट कार्यालयका व्यवस्थापक घिमिरेले खानेपानी आयोजनामा यातायातको सुविधा नभएको स्थानमा उपभोक्ताले खानेपानी आयोजनाका पाइपलगायतका सामग्री ओसार्ने, पाइप गाड्ने, खन्ने, पुर्नेलगायतका कार्यमा स्थानीयले श्रमदान गर्नुपर्ने गरी आयोजनाको प्रारुप तयार भएको र स्थानीय श्रमदानमा जुट्ने गरेको बताए ।

# दुर्घटनामा परी चार महिनामा १७ जनाको मृत्यु



साझाकुरा संवाददाता

हेटौंडा, ६ मंसिर/ मकवानपुरमा सवारी दुर्घटनाबाट धेरै धनजनको क्षति हुने गरेको छ । दुर्घटना न्यूनीकरणका लागि धेरै प्रयासहरु भएता पनि सकारात्मक परिणाम भने आउन सकेको छैन ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरको तथ्यांक हेर्दा चालू आर्थिक वर्षको ४ महिनामा मात्र सवारी दुर्घटनामा १७ जनाले ज्यान गुमाएका छन् । त्यसमा १५ वटा ट्रक, एक ट्रिपर, ४ वटा बस, ११ वटा जिपकार, भेन, २ वटा टेक्टर, ६ वटा टेम्पो, ४३ वटा मोटर साइकल र अन्य ५ वटा गरी कुल ८७ वटा सवारी दुर्घटना भएका छन् ।

दुर्घटनामा १२५ जना सामान्य घाइते भएका छन् भने ४० जना गम्भीर घाइते भएका छन् । तथ्यांक अनुसार सबैभन्दा बढी मोटर साइकल दुर्घटना भएको देखिन्छ । मकवानपुरमा हरेक दिन सडक दुर्घटनामा परेर कयौं मानिसले ज्यान गुमाइरहेका छन् । जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरको प्रहरी निरीक्षक वसन्त आचार्यका अनुसार चाडपर्वको समयमा बाहिर बाट भित्रने क्रम बढेसँगै बढ्दो सवारीचापका कारण बढी दुर्घटना भएको छ । चाडपर्वमा बढीजसो मादकपदार्थ सेवन गरी तीब्र गतिमा सवारी साधन चलाउनु अहिलेको मुख्य कारण रहेको उनले बताए ।

बढ्दो सवारी दुर्घटना क्रमलाई रोक्न विभिन्न सचेतनामूलक कार्यक्रमहरु गरी चालकलाई सचेत गराउन खोजिएको बताउदै दुर्घटना न्यूनीकरण गर्न ट्राफिक प्रहरी मात्र जिम्मेवार नभइ सवारीचालकको चेतनास्तर वृद्धि गर्नु पनि उत्तिकै जरुरी देखिएको उनी बताउँछन् । सवारीचालकले ट्राफिक नियम चालकलाई दुख दिन नभई हाम्रै सुर क्षाको लागि हो भन्ने कुरा मनन गरी ट्राफिक नियममा रहेर सवारीसाधन चलाउन पर्छ भन्ने चेतानाको विकास हुन उत्तिकै जरुरी रहेको प्रहरी निरीक्षक आचार्यको भनाइ छ ।

# हरिबोधिनी एकादशीमा त्रिखण्डीमा जात्रा लाग्दै

साझाकुरा संवाददाता

हेटौंडा, ६ मंसिर/ हरिबोधिनी एकादशीलाई यस वर्षको चाडपर्वहरुको खाता बन्द भएको बिगुलका रुपमा लिने गरिन्छ । कोजाग्रत पूर्णिमाबाट बाल्न थालिएको आकाशदीपलाई आजबाट बाल्न बन्द गरिने चलन पनि छ ।

हरिबोधिनी एकादशी वर्षमा पर्ने २४ वटा एकादशीमध्ये सबभन्दा ठूलो एवम् महत्वपूर्ण एकादशी हो । त्यसैले यसलाई ठूलो एकादशी पनि भनिन्छ । हिन्दुधर्ममा एकादशीलाई भगवान् विष्णुको उपासना गर्ने पर्वका रुपमा लिइन्छ । आषाढशुक्ल एकादशीको दिन क्षीरसागरमा सुत्नुभएका भगवान् विष्णु आजका दिन उठ्नुहुने पुराणमा उल्लेख गरिएको छ । यसकारण पनि यस दिनलाई हरिबोधिनी एकादशी भनिएको हो भन्ने विश्वास गरिन्छ ।

भविष्योत्तर पुराणमा अन्य एकादशीमा भन्दा आज गरिने भगवान् विष्णुको उपासना बढी फलदायी हुने कुराको उल्लेख गरिएको छ । यस दिन गरिने स्नान, दान, तप आदि सबै कार्य अक्षय फलदायी हुने कुरा भगवान् कृष्णले युधिष्ठिर लाई बताएका छन् । वैदिक सनातन हिन्दु धर्मशास्त्रमा आयुर्वेदसमेत महत्वपूर्ण भूमिका लिएको तुलसीको बिरुवाको महत्व ठूलो छ । धार्मिक र साँस्कृतिक अनि वैज्ञानिकरुपमा पनि अतिउपयोगी यस वनस्पतिलाई आँगनमा तुलसाको मठ बनाएर रोप्ने चलन छ ।



यसरी औपचारिकरुपमा हरिशयनी एकादशीमा रोपिएको तुलसीको बिरुवा हरिबोधिनी एकादशीसम्ममा धेरै ठूलो भइसकेको हुन्छ । आजको दिन विधिपूर्वक जप, होम गरेर तुलसीको होम लगाइन्छ भने यसरी आषाढशुक्ल एकादशीमा रोपिएको तुलसीलाई आज पिपलसँग विवाह गरिदिने परम्परा पनि छ ।

तुलसीको मठको चारैतर्फ बाँसको लिंगो गाडेर अनि रगंरोगन गरेर श्रृंगारिन्छ । यसरी होम लगाउँदा रुद्रि पूजा पनि गरिने चलन छ । अब त खेतमा धानका बाला पनि पाकेर घर भित्रन थालिसके, नयाँ धानको चामल कुटेर त्यसमा दही, सक्खर आदि मिसाएर न्वागी चढाउने र प्रसादकारुपमा ग्रहण गर्ने चलन पनि छ । यसअर्थमा आजको दिन यस वर्षको नयाँ अन्नको औपचारिक प्रयोग गर्ने दिन पनि हो ।

**मेलामा मदिरा तथा माछामासु प्रतिवन्ध**

हरिबोधिनी एकादशी अर्थात् ठूलो एकादशीको दिन आज बिहीवार भैसेस्थिति त्रिखण्डी मन्दिरमा भब्य मेला लाग्दैछ । त्रिखण्डी मात्र नभइ देशभरका महादेव मन्दिरमा ठूलो एकादशीका दिन भब्य मेला लाग्ने गरेको छ ।

मेलालाई सभ्य भब्य र ब्यस्थित बनाउनका लागि व्यवस्थापन समितिसमेत गठन गरिएको छ । समितिका अध्यक्ष प्रकाश रुम्बा तथा संरक्षक तारा थिङले मेला परिसरमा मादकपदार्थको बिक्री बितरणमा पूर्ण रोक लगाइएको बताए । जिल्ला प्रशासन कार्यालय तथा जिल्ला प्रहरी कार्यालयले पनि यो क्षेत्रमा मादकपदार्थको बिक्री बितरण नगर्न र नगराउन सार्वजनिक सूचना जारी गरेको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# दूध उत्पादकको पीडा

केही समय अघि नेपालका केही डेरी उद्यमीहरुको समूह दूधको बजार खोजी गर्दै बंगलादेश पुगेको थियो । युरोपियन मुलुकबाट दुग्धपदार्थ खरिद गरी उपभोग गरिरहेको बंगलादेशले नेपाली डेरी संचालकहरुलाई निराश बनाएर फिर्ता पठायो । कारण थियो उपभोक्ता मूल्य । युरोपबाट आयात गरेको दुग्धपदार्थ बंगाली उपभोक्ताले जतिमा उपभोग गरिरहेका थिए त्यो भन्दा बढी नेपालमा प्रतिइकाई लागत परिरहेको थियो । नेपालबाट बंगालीले दुग्धपदार्थ खरिद गर्ने सम्भावना नै देखिएन । नेपाल कृषिप्रधान मुलुक भएर पनि दूधको प्रतिईकाई लागत यति धेरै महँगो बनेको छ कि त्यो यहाँ भनेर साध्यै छैन । नेपाली किसानले दूधको उत्पादन लागत घटाउन सकेनन् वा यही अवस्थामा रहने हो भने विदेश निर्यात गर्ने सपना नदेख्दा हुन्छ ।

त्यतिमात्र होइन नेपाली उपभोक्ताले पनि मंहगीका कारण उपभोग्य परिमाणमा कटौती गर्न बाध्य हुनेछन् । लिटरको एक सय २० रुपैयाँ तिरेर दूध उपभोग गर्ने नेपाली उपभोक्ताले पनि उपभोग गर्ने परिमाण घटाउने दिन आयो भने पशुपालन गर्ने किसान थप संकटमा पर्ने दिन नआउला भन्न सकिन्न । राज्यसँग यो बिषयमा कुनै पनि ठोस नीति नै छैन । दूधको लागत मूल्य कम गर्नका लागि राज्यले गर्नुपर्ने के हो भन्ने बिषयमा अध्ययन नै हुन सकेको जस्तो लाग्दैन । मकवानपुरगढी गाउँपालिका वडा नम्बर-३ मा रहेको मनकामना दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडले दैनिक २ सय ४० जना किसानबाट ४ हजार ८ सय लिटर दूध संकलन गर्दै आएको थियो तर, अब सहकारीले मिल्क होलिडे गर्ने भएको छ । सहकारीबाट दूध संकलनमा कुनै समस्या छैन । तर, हेटौंडा दूग्ध वितरण आयोजना लगायत निजी क्षेत्रका डेरी उद्योगहरुले नियमित रुपमा दूध खरिद गर्न छोडेर हप्तामा पाँच दिन मात्र दूध खरिद गर्न थालेपछि पशुपालक किसानको संकटका दिन सुरु भएको हो । सातामा दुई दिन डेरीले दूध संकलन नगर्नु भनेर जिल्ला दुग्ध उत्पादन सहकारी संस्था लिमिटेड मार्फत मनकामना दुग्ध सहकारीलाई भनेपछि अहिले किसानले समस्या बेहोर्न थालेका छन् ।

हप्तामा दुइ दिन दूध संकलन सहकारीले बन्द गर्नुपर्दा यहाँ दैनिक रुपमा दुइ सय लिटरसम्म दूध बिक्री गर्दै आएका किसानहरु समस्यामा परेका छन् । मिल्क होलिडेको समस्यामा यस सहकारीमा दूध बिक्री गर्ने यी किसान निकै समस्यामा परेका छन् । धेरै दूध बिक्री गर्ने किसान मात्र होइन, यस सहकारीमा दूध बिक्री गर्ने २४० जना किसान मिल्क होलिडेको समस्याले निकै नोक्सानी बेहोर्दै आएका छन् । मनकामना दुग्ध सहकारीमा आवद्ध किसान मात्र होइन, मकवानपुरका नौ हजार किसान 'मिल्क होलिडे' को समस्यामा परेका छन् । जिल्लाका बिभिन्न सहकारी संस्थामार्फत दूध बिक्री गर्दै आएका यहाँका नौ हजार किसान परिवार अघोषित रुपमा भइरहेको मिल्क होलिडेको समस्यामा परेका हुन् । सरकारले दुग्धपदार्थको खपत बढाउने कार्यक्रम पनि ल्याउन सकेको छैन । सकेसम्म बढी दूधको खपत गर्ने योजनामा डेरी उद्योग पनि जान सकेको छैन । किसानको उत्पादन बिक्री भएन भने फेरि पनि दूधको प्रतिइकाई लागत बढ्ने नै हो । अर्थशास्त्रको सिद्धान्तअनुसार मूल्य बढ्दा माग घट्ने नै हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० मंसिर ८ गते शुक्रबार, २४ नोभेम्बर २०२३ । द्वादशी, कात्तिक शुक्लपक्ष । कछलाथ्व ११४४ ने.सं. । सूर्योदय ६:३२, सूर्यास्त ५:०७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : अधुरो काम बन्ने सम्भावना छ | **तुला** | : काम बन्नाले उत्साह जाग्नेछ |
| **वृष** | : मित्रहरुबाट सहयोग हुनेछ | **वृश्चिक** | : दोहोरो लाभ मिल्नेछ |
| **मिथुन** | : आफन्तबाट विरोध हुनेछ | **धनु** | : श्रमबाट प्रशस्त लाभ हुनेछ |
| **कर्कट** | : पेसाबाट घाटा देखिन्छ | **मकर** | : पारिवारिक समस्या आउनसक्छ |
| **सिंह** | : कामको उचित प्रतिफल पाइनेछ | **कुम्भ** | : प्रेमप्रसंग सुमधुर आदर पाइनेछ |
| **कन्या** | : धन आर्जन हुनेछ | **मीन** | : अधुरा योजना पूरा हुने देखिन्छ |

# 'सरकारबाट न्याय कुर्दा आधा पीडित जीवित नरहन सक्छन्'



✍ देवी खड्का



"लाइन बसेर, पालो पर्खिएर बलात्कार गर्ने, बेहोश शरीरलाई एस्ट्रेको रूपमा प्रयोग गर्ने बर्बर चाहना र हर्कतसम्म पुऱ्याउने तत्व के हो ? मान्छेको चेतना किन त्यस्तो बन्यो ? समाजशास्त्रीहरूले अनुसन्धान गर्नुपर्छ र समाजले यो थाहा पाउनुपर्छ ।"

निरंकुश राजतन्त्र होस् वा बहुदलीय प्रजातन्त्र, त्यतिबेला शासकमा शासन गर्नुपर्छ भन्ने मानसिकता थियो । देशमा आमूल परिवर्तनपछि लोकतन्त्रको स्थापना भयो । योसँगै अब शासकहरूमा सेवक हुँ र नागरिकको सेवा गर्न यहाँ छु भन्ने सोच हुनुपर्ने हो ।

समाज र अर्थतन्त्रसँग नजोडिएको राजनीति केवल उपरी-संरचनाको खेलोमेलो मात्रै बन्दो रहेछ । आर्थिक परिवर्तन पनि भएन, सामाजिक रूपान्तरणमा पनि हामीले यथोचित योगदान गर्न सकेनौं । हाम्रो राजनीति यस्तै खेलोमेलोमा व्यस्त देखिन्छ । यसबीचमा नेताहरू प्रधानमन्त्री, मन्त्रीदेखि पालिका अध्यक्षसम्म भए । उनीहरूले लिने कुरा लिए । तर समाजले अपेक्षाकृत त कता हो कता, न्यूनतम उपलब्धि पनि पाएन ।

फलत: नागरिकका अधिकार सुनिश्चित गरेका संविधानका धाराहरू जीवन्त बन्न सकेनन् । जनताको नजरबाट हिजो राजतन्त्रकालीन र अहिले गणतन्त्रकालीन मन्त्रीहरूको काम गर्ने तरिकामा कुनै बदलाव देखिएन । यसको कारण राजनीतिक नेतृत्व सेवक होइन, शासककै ढर्रामा प्रस्तुत भए ।

शान्ति प्रक्रियाको १७ वर्ष दलहरूको परीक्षणको अवधि पनि थियो जुन अब सकिंदैछ । नेपाली जनताले हरेक १०-२० वर्षको बीचमा ठूलै राजनीतिक परिवर्तन खोज्दै आएका हुन् । नेपालको राजनीतिक इतिहासले नेपाली जनताको यो प्रवृत्ति देखाउँछ । अहिले नेपाली नागरिकमा यस्तो परिवर्तनको छटपटी रफ्तारमा अगाडि बढिरहेको देखिन्छ ।

तर हाम्रो नेतृत्वले आफ्नो परीक्षण अवधि सकियो भनेर आत्मसात् गर्न सकेका छैनन् । साथै, हाम्रो नेतृत्वको कार्यशैलीमा गर्नुपर्ने स-साना परिवर्तन नहुँदा पनि यस्तो अवस्था आइरहेको छ ।

### न्यायका लागि संघर्ष

म पछिल्लो समय द्वन्द्वको समयमा बलात्कार र यौन हिंसा पीडित महिलाहरूको न्यायका लागि संघर्ष गरिरहेकी छु । यसबीचमा मैले के पाएँ भने राजनीतिक नेतृत्वले महिलाहरूले द्वन्द्वको क्रममा भोगेका दु:ख-पीडाहरूलाई लाजको विषय बनाउँदै आए । यो पुरातन सोच सहितको माइन्ड सेट नभत्कनुको उपज थियो । द्वन्द्वमा बलात्कार पीडित महिलाहरू मिलेर हामीले यसबीच जे-जति संघर्ष गऱ्यौं, यसक्रममा माग राखेर माग्ने जस्तो हामी पीडित, राज्य केही दिने जस्तो देखियो ।

तर, कुरा यस्तो होइन । यो समाजको सामाजिक, सांस्कृतिक परम्परामा पुरातन, पितृसत्तात्मक र सामन्ती माइन्ड सेट व्याप्त छ । यसलाई जबर्जस्त धक्का हानेर बदल्ने काम मानव सभ्यतालाई एक कदम अगाडि बढाउनु हो । हामीले यसबीचमा यही काम गरेको महसुस भयो ।

एक वर्ष अगाडि कतिपय मानिसहरू महिलामाथि हुने बलात्कार, यौन हिंसा जस्ता शब्द बोल्न पनि अप्ठ्यारो मान्थे । पछिल्लो एक वर्ष पीडित महिलाहरूले न्यायका लागि संघर्ष अगाडि बढाएपछि बलात्कार शब्द उच्चारण नगरी, पीडितलाई न्याय नदिई शान्ति प्रक्रियाको बाँकी काम पूरा गर्न सकिंदैन भन्ने यथार्थ सरोकारवालाहरूमा पर्न गएको छ । त्यसैले न्यायका लागि शासकहरूलाई एकप्रकारको धक्का नै दिनुपर्ने रहेछ भन्ने महसुस भएको छ ।

शान्ति प्रक्रियाभित्रको सकारात्मक पक्ष पनि छन् । अरू देशमा द्वन्द्व व्यवस्थापन गर्न अनेकौं अप्ठ्यारा देखिन्छन् । नयाँ विद्रोह सुरु हुने, प्रतिशोध र बदलाभावजन्य हिंसा-प्रतिहिंसा हुने लगायत अनुभव पनि देखिन्छन् । तर नेपाली समाजमा नेतृत्व बाहेक आम नागरिक र द्वन्द्व प्रभावित/पीडितहरू अपवाद बाहेक जिम्मेवार र सहिष्णु देखिएका छन् । यो नेपाली शान्ति प्रक्रियाको विशेष पहिचान हो । हामी नेपाली शान्तिप्रेमी र सहिष्णु छौं भन्ने प्रमाण हो, यो ।

द्वन्द्वका बेला पक्ष-विपक्षमा बाँडिएका शासकहरू सत्ता स्वार्थका लागि मिलेका छन् । तर, पीडित र शोषितहरू न्यायका लागि मिलेका छन् । उनीहरूमा कारण जे भए पनि हाम्रो पीडा उस्तै हो भन्ने अनुभूति छ । दु:खाइ र भोगाइ उस्तै हो, न्याय प्राप्तिको बाटो एउटै हो भन्ने बुझाइ छ । यो नेपालको शान्ति प्रक्रियाको अर्को सकारात्मक पक्ष हो ।

शान्ति प्रक्रियालाई समयमै तार्किक ढंगले निष्कर्षमा पुऱ्याउन नसके तापनि आम नागरिकको सहिष्णु भावका कारण यति लामो समय लागे पनि अझै यो प्रक्रिया सफलताउन्मुख छ । अझै पनि संक्रमणकालीन न्याय सम्बन्धी ऐन पास गरेर उक्त ऐनले परिकल्पना गरे अनुसार आयोग बनाएर, काम गरेर त्यसलाई एउटा ट्र्याकमा लैजान सक्छ नेपालको शान्ति प्रक्रिया अझै पनि सफल हुनसक्छ ।

भनिन्छ- ढिलो न्याय दिनु नदिनुसरह हो । शान्ति प्रक्रिया सुरु भएको नै १७ वर्ष पूरा भयो । त्योभन्दा धेरै अगाडिदेखि पीडा भोगिरहेका मानिसहरूले अहिलेसम्म न्याय नपाउनु कति दुर्भाग्यपूर्ण अवस्था होला । यो सबै भोग्नेलाई थाहा हुन्छ । हाम्रो राजनीतिक नेतृत्व कुरा सुन्छन्, प्रतिबद्धता पनि व्यक्त गर्छन् तर व्यवहारमा काम अत्यधिक गाह्रो भएको देखिन्छ ।

### पिछडिएको मानसिकता, न्यायको तगारो

पहिला उनीहरूको नियत नै बढी दोषी छ कि जस्तो लाग्थ्यो तर अब नियत भन्दा पनि उनीहरूको माइन्ड सेट बढी जिम्मेवार छ कि जस्तो लाग्छ । 'विचरा यी पीडित महिलाहरूलाई न्याय दिने क्रममा बलात्कार पीडित हुन् भनिदियो भने झन् गाह्रो होला । उनीहरूको लाज भत्किन्छ होला, दुनियाँले देख्ला र उनीहरूको जीवन थप बर्बाद होला' भन्ने सोच देखिन्छ । पीडितलाई न्याय दिने प्रक्रिया सुरु गरे त हामी पनि तानिनसक्छौं भन्ने भय राजनीतिक नेतृत्वमा होला । तर मुख्य कुरा अहिले पनि यौनजन्य हिंसा, बलात्कार जस्ता घटनाहरू एउटा पीडकले अर्को पीडितलाई दिएको पीडा र यातना हो भन्ने ढंगले बुझ्दैनन् ।

यसलाई मान्छेको अस्मिता र इज्जतसँग लगेर जोड्ने गरेको देखिन्छ । इज्जत गएपछि त मान्छे सिद्धिहाल्यो नि भन्ने सोच पालेर बसेका नेतृत्व हामीसँग रहेछन् । यो सबै पीडा, अन्याय र ज्यादतीलाई छोपेर राख्नुपर्छ भन्ने चेतनागत दरिद्रताले काम गरिरहेको छ ।

द्वन्द्वमा बलात्कार पीडित महिलाको राष्ट्रिय संगठन अहिले देशभरका पीडितहरूलाई जोड्ने काममा जुटिरहेको छ । अहिलेसम्म ३ हजार हाराहारीमा सम्पर्कमा आउनुभएको छ । सम्पर्कमा आउनुभएका पीडितहरूलाई समस्याको प्रकृति अनुसार स्क्रिनिङ गरेर सुरुमा गम्भीर स्वास्थ्य समस्या भएका साथीहरूको उपचारमा ध्यान दिइरहेका छौं । स्वास्थ्य शिविर चलाएर स्वास्थ्य सेवा प्रदान गर्ने योजना बनाइरहेका छौं । हामीबीच अहिले मुख्यत: तीन वटा समस्या देखिएका छन्। स्वास्थ्य, आर्थिक र सामाजिक समस्या ।

### स्वास्थ्य समस्या

बलात्कार पीडितहरूका विभिन्न समस्या छन् । एकपटक मात्र बलात्कारमा परेका पीडितलाई मानसिक समस्या भए पनि ठूलो स्वास्थ्य समस्या छैन । तर सामूहिक र लामो समय पटक-पटक बलात्कारमा परेका पीडितहरूको अवस्था निकै जीर्ण छ । उनीहरू तीन वर्ष, डेढ वर्षदेखि महिनौंसम्म सामूहिक बलात्कारमा परेका थिए । उनीहरूले यौनदासीको जीवन बिताएका थिए ।

दोस्रो विश्वयुद्धमा पनि धेरैलाई यौनदासी बनाइएको रहेछ । तर त्यहाँ सामूहिक बलात्कार हुँदैनथ्यो भनिन्छ । तर नेपालमा लाइन बसेर, पालो पर्खिएर बलात्कार गरेको घटना छन् । बलात्कारपछि बेहोश भएको शरीरलाई एस्ट्रेको रूपमा प्रयोग गरेका छन् । अहिले पनि शरीरभरि चुरोटको ठुटाले पोलेका दागहरू बोकेर पीडितहरू बाँचिरहनुभएको छ ।

यातनाको यस्तो बर्बर स्वरूपमा संलग्न हुने चाहना र हर्कत गर्ने ठाउँसम्म पुऱ्याउने तत्व के हो ? नेपालमा के हर्मोनको विकास भयो र त्यस्तो मानसिकता विकास भयो ? उसको चेतना किन त्यस्तो बन्यो ? यसमा समाजशास्त्रीहरूले अनुसन्धान गर्नुपर्छ र यसबारे आजको समाजले थाहा पाउनुपर्छ । यो नेपाली महिला आन्दोलन र नेपाली समाजले खोजी गर्नुपर्ने विषय हो । यो विषय निर्क्योल नभई न हाम्रो महिला आन्दोलन अगाडि बढ्छ न त नेपाली समाज प्रगतिको दिशातर्फ अगाडि बढ्न सक्छ । मैले नेपालमा द्वन्द्वको बेला यौन हिंसाको फरक रूप देखें । यसबाट सिर्जना हुने स्वास्थ्य समस्या कस्तो होला ? कतिपय पीडितहरूलाई क्यान्सर भइसकेको छ । स्वास्थ्य समस्या जटिल भएका साथीहरूले दैनिक फोन गर्नुहुन्छ । पीडितहरूको स्वास्थ्य अवस्था दयनीय र जटिल छ ।

### सामाजिक समस्या

द्वन्द्वमा यौन हिंसा र बलात्कार पीडितहरू हाम्रो सामाजिक माइन्ड सेट सिर्जित सामाजिक बहिष्करणमा परेका छन् । परिवार अलगथलग भएको छ । स्वास्थ्य समस्याले पनि घटना लुकाउन सकिंदैन । यसले परिवारमा अविश्वास सुरु हुन्छ । ९० प्रतिशत बलात्कार पीडितहरू विवाहित छन् । खासगरी महिलाहरूले बिहे गरेन भने जीवन पूर्ण हुँदैन भन्ने बुझाइ नेपाली समाजमा व्याप्त छ । यो बुझाइ पनि भत्काउन आवश्यक छ । बिहे नगरेको भए पीडितहरूको पीडामा थप पीडा थपिने थिएन होला । घटना घटेपछि कसैसँग विवाह गर्न सकें भने सुरक्षित हुन्छु भन्ने सोच पीडितमा विकास हुन्छ, यही सामाजिक मनोविज्ञानका कारण ।

दिनप्रतिदिन पीडितको शरीर जीर्ण बन्दै गएको छ । मानसिक अवस्था थप बिग्रिँदै जान्छ । समाजमा पीडितको जीवन रहस्यमय बन्न थाल्छ र अविश्वास पैदा हुन्छ । श्रीमान्ले नै आचरणको प्रश्न उठाएपछि समाजले के गर्छ ? विस्तारै पारिवारिक जीवन अलगथलग हुन्छ भने सामाजिक बहिष्करण सुरु हुन्छ ।

### आर्थिक समस्या

आर्थिक कारणले सामाजिक बहिष्करण र अपमानका बावजुद पनि पीडित त्यहीं झुण्डिएर बस्नुपर्छ । किनकि आर्थिक रूपमा कुनै विकल्प छैन । शारीरिक पीडा छ, रोगले च्यापिरहेको छ । मानसिक रूपमा अपमानबोध छ । आर्थिक अवस्था कमजोर छ । एकप्रकारले नारकीय जीवन बाँचिरहेको अवस्था छ । यही अवस्था सहँदै बलात्कार पीडित महिलाहरूले झण्डै दुई दशकदेखि न्यायको प्रतीक्षा गरिरहेका छन् । उनीहरूले अहिलेसम्म सरकारबाट पीडितको दर्जा समेत पाउन सकेका छैनन् । राहत र पुनर्स्थापना केही पनि छैन ।

### न्याय कहिले ?

राज्यले न्याय देला र केही होला भनेर बाँच्ने अवस्था छैन । राज्यलाई कुरिरहने हो भने न्याय पाउँदासम्म आधा पीडितहरू जीवित नरहन सक्छन् । त्यसैले हामी बढीभन्दा बढी पीडितसँग जोडिने र उनीहरूको शारीरिक र मानसिक स्वास्थ्य परीक्षण र उपचारको व्यवस्थाका लागि मिहिनेत गरिरहेका छौं ।

विस्तारै हामी जीवन निर्वाहमा सघाउने कार्यक्रम सुरु गर्ने तयारीमा छौं । पीडितहरूलाई कसरी स्वरोजगार बनाउने र स्वाभिमानपूर्वक बाँच्ने अवस्था सिर्जना गर्ने भन्नेमा मिहिनेत गरिरहेका छौं । राज्यसँग संघर्ष गरिरहँदा तत्कालका लागि कुनै सहारा नभएका पीडितहरूका लागि एकप्रकारको माइतीघरको अवधारणामा सेफ हाउस (सुरक्षित आवासगृह) बनाउने काममा जुटिरहेका छौं । न परिवार छ, न समाज । त्यस्तो अवस्थामा रहेका पीडितहरूको लागि यो असाध्यै आवश्यक छ ।

यही बीचमा पनि हामीले मनकारी मानिसहरूसँग चन्दा संकलन गरेर सानो सेफ हाउस सञ्चालन गरेका छौं । एक वर्षमा माइतीघर नाम दिइएको यस्तो सेफ हाउसमा केही पीडितले आश्रय लिन पाउनुभएको छ । यस्ता काम गर्न सरकारले पहलकदमी लिनुपर्ने हो । गत वर्ष बजेटमा केही रकम व्यवस्था गरिएको थियो तर कानुनी जटिलताका कारण त्यो रकम खर्च गर्न सकिएन । मधेश सरकारले पनि बजेटको व्यवस्था गरेको थियो तर संघ सरकारले पीडितको नाम उपलब्ध गराउन सकेन । यहाँ पनि कानुनी जटिलता देखियो ।

पीडितहरू नारकीय जीवन बिताउन बाध्य हुँदा पनि ऐन पास गर्न दिइएको छैन । न्यायको प्रक्रियामा तगारो हालिएको छ । यसले पीडितहरूमाथि थप पीडा थपेको छ । यो पीडितमाथिको ज्यादती हो । दलका नेता र सांसदहरूलाई हामी अनुरोध गर्छौं- संक्रमणकालीन न्याय सम्बन्धी ऐन पास गरिदिनुस् ।

ऐन बनाउने बेला कानुन, न्याय तथा मानवअधिकार समितिका सदस्यहरू र विशेषत: उपसमितिका सांसदहरूले हाम्रो कुरा हुबहु सुनिदिनुभएको छ । यसप्रति हामी आभारी छौं । तर सदनमा पास गर्न रोकिएकोमा दु:ख व्यक्त गर्दछौं ।

### पीडितहरू निर्णायक बन्ने समय

अब हामी संगठित शक्ति बनेका छौं । योसँगै हामी बोल्न सक्ने र बलियो पनि भएका छौं । मानव समाजको इतिहास अध्ययन गर्दा महिलाहरूले कुनै अभियान सुरु गरेपछि कुनै प्राप्ति विना सम्झौता गरेको पाइँदैन । अहिले संसद् नियमित प्रक्रिया अन्तर्गत एक महिना बन्द छ, हामी कानुनको प्रतीक्षामा छौं । संसद् खुल्नासाथ पहिलो प्राथमिकतामा संक्रमणकालीन न्याय सम्बन्धी कानुन निर्माण भएन भने हामी संघर्ष सुरु गर्छौं ।

कानुन निर्माणको प्रक्रिया पहिलो प्राथमिकताका साथ सुरु हुनुपर्छ । कानुन पास नगरेसम्म पीडितले न्याय पाउन सक्दैनन् । आयोग पनि विगतमा जस्तो दलीयकरण हावी हुने बन्नुहुँदैन । पीडितमैत्री आयोग बनेन भने पनि हामी संघर्ष गर्छौं । १७ वर्षदेखि सहँदै आयौं, न्यायका लागि अनवरत रूपमा कुऱ्यौं । अब त अति भइसक्यो ।

हारगुहार हामीले बितेको १७ वर्षसम्म गऱ्यौं । १८ वर्ष लागिसक्यो, अब पीडितहरू नै निर्णायक बन्नुपर्छ । अब शान्ति प्रक्रियालाई सबैभन्दा बढी पीडितहरूले नै बुझ्ने भएका छन् । जसलाई परेको हुन्छ, त्यसले धेरै बुझेको हुन्छ । त्यसैले सरकार र नीति निर्माताहरू पीडितहरूद्वारा निर्देशित हुनुपर्छ । दलहरू र सरकारले पनि पीडितले विगतमा जस्तै सहेरै बस्छन् भन्ने नसोचोस् । पीडितलाई न्याय नदिएर संसारको अगाडि मुख देखाउन नसक्ने अवस्थामा हाम्रो शीर्ष नेतृत्व पुग्नेछैन भन्ने हामीलाई विश्वास छ । हामीले विदेशका अनुभवहरू पनि हेऱ्यौं, सुन्यौं तर नेपालमा हाम्रै मौलिक प्रकारको शान्ति प्रक्रिया हुनुपर्छ । अहिले सबै पीडित एकठाउँमा छन् र शान्ति प्रक्रिया तत्काल टुंग्याउनुपर्छ भन्नेमा एकमत छन् । पीडितको लागि होइन, पीडितको नाममा शान्ति प्रक्रियाभित्र राजनीति गर्ने काम अन्त्य हुनुपर्छ । हामी पीडितहरू न्यायका लागि यो १८औं वर्षलाई संघर्षको वर्ष बनाउँछौं । न्याय प्राप्तिका लागि अन्तर्राष्ट्रिय समुदायसम्म पुग्नुपर्दैन, हामी यहीं देशभित्रै संघर्ष गरेर न्याय प्राप्त गरिछाड्छौं ।

(खड्का द्वन्द्वमा बलात्कार पीडित महिलाको राष्ट्रिय संगठनकी संयोजक हुन् ।)

*साभार: अनलाइनखबर*

# सरकार फेर्न आन्दोलन गर्ने ओलीको संकेत



काठमाडौं/आगामी १४ मंसिरदेखि तीन साता चल्ने झुलाघाट-चिवाभञ्ज्याङ 'क्याराभान' लाई मुख्य एजेण्डा बनाएर बुधबार केन्द्रीय मुख्यालय च्यासलमा बसेको नेकपा एमालेको केन्द्रीय कमिटी बैठकमा अध्यक्ष केपी शर्मा ओलीले आफ्नो पार्टी सडक विद्रोहमा उत्रने संकेत दिएका छन् ।

एकैदिन सकिने गरी बसेको बैठक उद्घाटन गर्दै ओलीले वर्तमान सरकारप्रति जनतामा असन्तुष्टि र निराशा रहेको निष्कर्ष सुनाएका थिए । जनतामा देखिएको सरकारप्रतिको असन्तुष्टिलाई प्रतिगामी शक्तिहरुले व्यवस्था बदल्न उपयोग गर्ने खतरा देखिएकाले प्रतिवाद गर्न सडक विद्रोहमा जाने अध्यक्ष ओलीले प्रष्टोक्ति दिएका छन् ।

'जनतालाई मैदानमा उतार्छौं र देशलाई एउटा बाटो दिन्छौं । देशलाई निकास दिने बाटो समातेनौं भने अर्को आउँछ' केन्द्रीय सदस्यहरुसँग ओलीले भने, 'मलाई एउटा साथीले भन्यो- कसैले खल्तीबाट परेवा निकालेर उडाउन सक्छ है ।'

यसअघि गएको २२ कात्तिकमै एमालेले मध्यपहाडी लोकमार्ग केन्द्रित क्याराभानमा निस्कने निर्णय गरेको थियो । तीन साता चल्ने उक्त क्याराभान एमालेको पूर्वनिर्धारित एकवर्षे अभियान अन्तर्गत हो, जसलाई एमाले नेताहरुले आगामी चुनावमा पहिलो शक्ति बन्ने तयारी भनेका थिए । तर ओलीले यो क्याराभानलाई आगामी चुनावको तयारीमा मात्रै सीमित नपार्ने सन्देश दिए । 'देशलाई पछाडि फर्कन दिंदैनौं । प्रतिगमनतिर जाने निकम्मापन स्वीकार्य हुन सक्दैन', ओलीले भने । शान्तिपूर्ण तरिकाले जनताको हस्तक्षेप बढाउनेबारे नेताहरुसँग छलफल गरि रहेको पनि ओलीले बताएका थिए, ''जनशक्तिको परिचालन, जनबलको प्रयोग गर्न सक्ने हुनसक्छ ।'

एक नेताका अनुसार, अध्यक्ष ओलीले बैठक समापन गर्दा पार्टीको आगामी कार्यक्रमबारे थप प्रष्ट पारेका छन् । 'एमाले अब सदन र सडकबाट जनविद्रोहमा जानुपर्छ भन्नेमा अध्यक्षको सम्बोधन केन्द्रित छ', एक केन्द्रीय सदस्यले भने । उनका अनुसार, क्याराभान लगत्तै संसदबाट एमालेले सरकार माथि हस्तक्षेप बढाउनेबारे निर्णय लिने जानकारी पनि ओलीले गराए ।

झुलाघाटबाट चिवाभञ्ज्याङ पुगेर फर्कंदा एक महिना सकिने, र त्यसपछि केन्द्रीय कमिटी बैठक बसेर संघर्षको कार्यक्रमबारे निर्णय लिने ओलीले संकेत दिएका छन् । स्रोतका अनुसार, बैठकपछि अनौपचारिक संवादमा पनि अध्यक्ष ओलीले जनआन्दोलनको बाटोमा जानुपर्ने प्रस्ताव नेताहरुसँग गरेका थिए ।

'मध्य पहाडी लोकमार्गको अभियानलाई जनआन्दोलनकै वार्मअपका रुपमा विकास गर्नुपर्ने भयो, जनसंगठनहरुको आन्दोलन पनि अब रोक्नुहुन्न', ओलीको भनाइ उद्धृत गर्दै अर्का नेताले भने । उनका अनुसार, आगामी पुस तेस्रो साता केन्द्रीय कमिटी बैठक बसेर जनआन्दोलनबारे निर्णय लिने मनसायमा शीर्ष नेतृत्व सहमत देखिएका छन् ।

तर त्यो केन्द्रीय कमिटी बैठक अगाडि नै एमालेको गतिविधिलाई सशक्त बनाउनेबारे ओलीले बताएका छन् । 'बिहीबार युवा-विद्यार्थीले गर्ने जनप्रदर्शनबाटै हाम्रो यात्रा सुरु हुनेछ, लगातार कार्यक्रमहरु थप्दै जाने हो', अध्यक्ष ओलीको भनाइ छ ।

सँगै, जाजरकोट भूकम्प प्रभावित क्षेत्रमा पनि प्रभावकारी रुपमा परिचालित हुन पार्टी पंक्तिलाई निर्देशन दिएका छन् । 'सडक र सदनबाट जनताको कुरा उठाइरहँदा भूकम्प प्रभावित क्षेत्रमा पनि सशक्त रुपमा परिचालित हुनुपर्ने अध्यक्षले निर्देशन दिनुभएको छ', पोलिटब्यूरो सदस्य विशाल भट्टराई भन्छन् ।

### गठबन्धन तोड्ने, नयाँ सरकार बनाउने

अकस्मात् जनविद्रोहको संकेत गरेका अध्यक्ष ओलीले गठबन्धन तोडेर नयाँ सरकार बनाउनुलाई शर्त भनेका छन् ।

यो सरकारले मुलुकको संकट र जनताको निराशालाई हल गर्न नसक्ने भएकाले सत्ता परिवर्तनलाई शर्त बनाएर जनविद्रोहको तयारी भएको एक पदाधिकारी बताउँछन् । 'जनआन्दोलन सफल बनाउन पार्टी सक्रियतापूर्वक लाग्छ । त्यो जनविद्रोह सत्ता बदलिएर टुंगिन्छ' ती पदाधिकारी भन्छन्, 'अब गठबन्धन तोडिन्छ र अर्को सरकार बन्छ भने जनता सडकमा आइरहनु परेन । विद्रोहको एउटै रुप त हुँदैन नि !'

अध्यक्ष ओलीले बैठक उद्घाटन गर्दा पनि सत्ता परिवर्तनमा पुगेर जनआन्दोलन टुंगिने संकेत गरेका थिए । ओलीले भनेका छन्, ''कि उपयुक्त ढंगले सरकार चलाउनुपर्छ, होइन भने सरकार छोड्नुपर्छ ।'

केन्द्रीय सदस्य विष्णु रिजाल पनि यो सरकारले राम्रो काम गर्न नसकेकाले जनआन्दोलनबाट त्यो कोर्स सच्याउने बाटोमा पार्टी लाग्ने तयारी भएको बताउँछन् । 'सरकार निकम्मा भयो, जसले गर्दा व्यवस्था विरोधीहरुले टाउको उठाउन खोजिरहेको छ । एमालेले व्यवस्था जोगाउन जनआन्दोलनको नेतृत्व गर्नुपर्छ', रिजाल भन्छन् ।

अहिले दुर्गा प्रसाईं जस्ता विवादित व्यक्तिले बोलाउँदा पनि मानिसहरु सडकमा आउनुले सरकार पूर्णत: असफल भएको पुष्टि गरेको एमाले नेताहरु बताउँछन् । 'यो सरकारसँग वैधानिकता भएपनि निकम्मा भयो । सरकार प्रभावकारी बन्न नसकेको असन्तुष्टिलाई प्रतिगामीहरुले प्रयोग गर्ने खतरा बढ्यो', रिजाल भन्छन् ।

मुलुकको आर्थिक अवस्थाबारे जानकारी दिन आगामी ११ मंसिरमै कार्यक्रम गर्ने तयारी थालिसकेको छ । त्यसदिन सरकारले गर्न नसकेको र मुलुक संकटमा रहेको तथ्य सार्वजनिक गर्ने एमालेको तयारी छ ।

त्यसबाहेक अध्यक्ष ओलीले भने मुलुकको सार्वभौमिकता, स्वाधीनता र तटस्थता समेत यो सरकारले कायम राख्न नसकेको निष्कर्ष सुनाएका छन् । त्यसैले जनआन्दोलन आवश्यक परेको पुष्टि गर्ने क्रममा अध्यक्ष ओलीले सत्ता परिवर्तनदेखि मध्यावधि चुनावको विकल्पबारे समेत बोलेका थिए ।

'व्यवस्था जोगाउन यो सरकार परिवर्तनको विकल्प छैन भन्ने ठीकै हो, तर मध्यावधिसम्मै पुग्ने कुरा चाहिं नगरेको भए हुन्थ्यो', एक केन्द्रीय सदस्य भन्छन् । अध्यक्ष ओलीले भने मुलुक अप्ठ्यारोमा पर्दा पाँच वर्षपछि अर्को चुनाव हुन्छ भनेर कुर्न नमिल्ने तर्क गरेका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# माओवादीसँग एकता गर्न बाबुरामको संयोजकत्वमा समिति

काठमाडौं/नेपाल समाजवादी पार्टीले अध्यक्ष बाबुराम भट्टराईको नेतृत्वमा पार्टी एकता संयोजन समिति गठन गरेको छ ।

बुधबार पार्टी केन्द्रीय समितिको चौथो बैठकले अध्यक्ष भट्टराईको संयोजकत्वमा अर्का अध्यक्ष महिन्द्र राय यादव, सहध्यक्ष गंगानारायण श्रेष्ठ, उपाध्यक्ष दुर्गा सोव, महासचिव रमेशप्रसाद यादव, कार्यकारिणी सदस्य जनकराज शाह रहेको पार्टी एकता/ध्रुवीकरण संयोजन समिति बनाउने निर्णय गरेको हो ।

बृहत् समाजवादी केन्द्र निर्माणका लागि नेकपा (माओवादी केन्द्र) लगायतका विचार, राजनीति मिल्ने राजनीतिक शक्तिहरूसँग एकता/ध्रुवीकरण गर्दै जान पार्टी अध्यक्ष भट्टराईको संयोजकत्वमा समिति गठन गरेको अध्यक्षद्वय भट्टराई र यादवले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

गत शुक्रबार प्रधानमन्त्री समेत रहेका माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले डा. भट्टराईलाई बोलाएर आफूहरुकै नेतृत्वमा पार्टी एकता समायोजन समिति बनाउन प्रस्ताव गरेका थिए । त्यसको दुई दिनपछि ३ मंसिरमा बसेको दुबै दलको वार्ता टोलीको बैठकले पनि पार्टी एकता समायोजन समिति बनाउन सुझाव दिएको थियो ।

नेताहरुका अनुसार डा. भट्टराई माओवादी केन्द्रसँग एकता गरिहाल्ने पक्षमा थिएनन् । उनले वार्ता समिति भंग गर्नुका साथै केन्द्रीय समिति भंग गरेर महाधिवेशन आयोजक समिति बनाउने प्रस्ताव कार्यकारिणी बैठकमा समेत राखेका थिए ।

तर अर्का अध्यक्ष महिन्द्रराय यादव, सहअध्यक्ष गंगानारायण श्रेष्ठसहितका नेताहरु माओवादीसँग एकता गर्ने पक्षमा उभिए । पार्टी एकता गर्ने निर्णय गर्दै समायोजन समिति बनाउने निर्णय नगर्ने भए केन्द्रीय समितिमै नआउने चेतावनी दिएपछि डा. भट्टराई हच्किए ।

सोमबार साँझ भएको शीर्ष नेताहरुको छलफलमा भट्टराई पार्टी एकताको निर्णय गर्न सहमत भएका थिए । मंगलबार कार्यकारिणी बैठकले नेताहरुबीच भएको सहमतिअनुसार भट्टराईको नेतृत्वमा पार्टी एकता समायोजन समिति बनाउने निर्णय गरेको हो ।

अब माओवादीले पनि प्रचण्डको नेतृत्वमा पार्टी एकता समायोजन समिति बनाउने छ र दुई समितिबीच वैचारिक तथा नीतिगत विषयमा छलफल गर्नेछ । साथै माओवादीले विशेष महाधिवेशन गरेर पार्टीको नाम परिवर्तन गरेपछि एकता हुने नेताहरु बताउँछन् ।

यस्तै नेसपा बैठकले संगठन निर्माण तथा विस्तार अभियानको समयावधि २ महिना थप गरी फागुन मसान्तसम्म पुर्‍याउने निर्णय गरेको छ । अभियानका क्रममा सबै स्थानीय तहहरूको बैठक, समिति गठन र पुनर्गठन पुस मसान्तसम्म गरिसक्ने निर्णय गरेको छ । त्यसअघि मङ्सिर-पुसमा वडा र पालिकाहरूको भेला, सम्मेलन सम्पन्न गर्ने भएको छ । माघ-फागुनमा प्रदेशको सम्मेलन सम्पन्न गर्ने र वैशाखमा राष्ट्रिय सम्मेलन सम्पन्न गर्ने बताएको छ ।

*(स्रोत: अनलाइनखबर)*


**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

PrinterShop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# मकवानपुर केन्द्रविन्दु भएर भूकम्पको धक्का




हेटौंडा/मकवानपुर केन्द्रविन्दु भएर भूकम्प गएको छ ।

राति १ बजेर १९ मिनेट जाँदा मकवानपुरको चित्लाङ आसपास केन्द्रविन्दु भएर ४.५ म्यागिनच्युडको भूकम्प गएको राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रले जनाएको छ ।

भूकम्पको धक्का काठमाडौं उपत्यकालगायत आसपासको क्षेत्रमा पनि महसुस भएको छ । राष्ट्रिय भूकम्प मापन केन्द्रले यससम्बन्धी थप विवरण अद्यावधिक गरिसकेको छैन ।

# बढ्दो छ रोजगारीका लागि युरोप जाने नेपाली



काठमाडौं/श्रम स्वीकृति लिएर युरोप जाने नेपालीको संख्या बढ्न थालेको छ । वैदेशिक रोजगार विभागको तथ्यांक अनुसार चालु आर्थिक वर्ष (आव) को पहिलो चार महिना (साउन-कात्तिक)मा विदेश जाने नेपालीको संख्या निरन्तर ओरालो लाग्ने क्रममा छ । तर, यसै अवधिमा युरोप छिर्ने नेपालीको संख्या भने निरन्तर बढ्दो क्रममा देखिन्छ ।

विभागका अनुसार चालु आवको कात्तिकसम्म कुल २ लाख ६ हजार ३१६ जना नेपालीले श्रम स्वीकृति लिएका छन् । यो आर्थिक वर्ष २०७९/८० को कात्तिक मसान्तसम्मको तुलनामा ७४ हजार २०५ ले कम हो । सो आवको कात्तिकसम्म २ लाख ८० हजार ५२१ जना नेपालीले श्रम स्वीकृति लिएका थिए ।

चालु आवको कात्तिक महिनामा ४३ हजार ६२२ जनाले मात्र श्रम स्वीकृति लिएका छन् । गत वर्ष कात्तिकमा यो संख्या ७८ हजार ३७० थियो । यसरी घट्दो क्रममा रहेको ग्राफको बीचमा पनि युरोपेली मुलुकमा श्रम स्वीकृति लिएर जाने नेपालीको संख्या भने निरन्तर बढ्दै गएको तथ्यांकमा देखिएको छ ।

विभागको तथ्यांक अनुसार यस वर्ष साउनमा क्रोएसियाका लागि १६ सय ४९ जनाले श्रम स्वीकृति लिएका छन् । गत वर्ष साउनमा यो संख्या मात्र ११ सय ८८ रहेको थियो । क्रोएसियामा यस वर्ष भदौ, असोज र कात्तिकमा क्रमश: ८९२, ९७० र १ हजार १६३ जनाले श्रम स्वीकृति लिएका छन् । गत वर्ष यो संख्या क्रमश: ६०४, ५३७ र ३९६ रहेको थियो । साइप्रस, माल्टा, मौरिसस, रोमानिया, बेलायत जाने नेपालीको संख्या समेत क्रमश: बढ्दै गएको देखिन्छ ।

### मलेसियामा निरन्तर ओरालो, खाडीमा स्थिर

गत वर्षको तुलनामा यस आवमा मलेसियामा सबैभन्दा ठूलो गिरावट आएको तथ्यांकले देखाएको छ । चालु आवको कात्तिकमा मलेसियामा ५ हजार ५५२ वटा श्रम स्वीकृति जारी भएको छ । गत आवको कात्तिकमा यो संख्या ३० हजार ५४० थियो ।

यूएईमा कात्तिकमा मात्र १२ हजार ४८५ श्रम स्वीकृति जारी भएको छ । २०७९ कात्तिकमा ११ हजार ६ सय जनाले श्रम स्वीकृति लिएका थिए । यस वर्ष कात्तिकमा साउदी अरेबियामा ८ हजार १४ जनाले श्रम स्वीकृति लिएका छन् । गत आवको यस महिनामा साउदी जाने ११ हजार २७७ थिए ।

कतारमा यस वर्षको कात्तिकमा ८ हजार ४६२ जनाले श्रम स्वीकृति लिएका छन् । गत वर्ष कात्तिकमा कतार जाने ९ हजार ७१८ जना रहेको छ ।

तथ्यांक अनुसार घट्दो संख्याका बावजुत खाडी मुलुकमा जाने नेपालीको संख्या भने केही स्थिर देखिन्छ ।

वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीका अनुसार मलेसिया र गल्फ मुलुकबाट नयाँ डिमान्ड कम आइरहेको छ । यसले समग्र रुपमा गिरावट आएको देखिन्छ । अर्कोतर्फ नेपालीहरुले राम्रो आम्दानीको खोजीमा पछिल्लो समय युरोपलाई गन्तव्य बनाउन सुरु गरेका छन् । यसो हुनुमा खाडी मुलुकमा सिकेको सीप युरोपमा उपयोग हुनु मुख्य कारण रहेको व्यवसायीहरुको भनाइ छ ।

'उस्तै कामका लागि गल्फ जानु भन्दा युरोप जाऔं न त भन्नेहरु बढेको देखिन्छ,' भण्डारी भन्छन् । मलेसियाबाट डिमान्ड कम आउनुमा भने सो मुलुकले कोभिड-१९ महामारी लगत्तै ठूलो संख्यामा माग बढाएको भए पनि अहिले कामदारको माग नै कम आइरहेको व्यवसायीको भनाइ छ ।

### द्वन्द्वपछि पनि इजरायल जाने नेपाली घटेनन्

द्वन्द्वग्रस्त मुलुक इजरायलमा कात्तिक महिनामा मात्र १ सय वटा श्रम स्वीकृति भएको वैदेशिक रोजगार विभागले जनाएको छ । जसमध्ये ३१ पुरुष र ६९ जना महिला छन् ।

विभागका अनुसार सो मुलुकका लागि सबै जनाले नयाँ नभई पुन: श्रम स्वीकृति लिएका हुन् । इजरायलका लागि असोजमा ४९, भदौमा ५१ र साउनमा ३८ जनाले श्रम स्वीकृति लिएका थिए । यो मुलुकमा द्वन्द्वपछि पनि नेपाली जाने क्रम भने नघटेको पाइएको छ ।

**हेटौंडा उपमहानगरपालिका**
**१० नं वडा कार्यालयको सूचना**

बालश्रम बालविकासमा असर पार्ने शोषणजन्य कार्य हो । बालश्रमले बालबालिकाको वृद्धि र विकासमा गम्भीर असर पार्ने गर्दछ । यसको अन्तका लागि सरोकारहरुले गम्भीर भएर सोच्नु जरुरी छ ।

फूर्वा दोर्जे तामाङ
(वडा अध्यक्ष) तथा
१० नं. वडा कार्यालय परिवार

# शुक्रबारदेखि सुरु हुने एनएसएलको तयारी पूरा



काठमाडौं/शुक्रबारदेखि काठमाडौंमा हुने फ्रेन्चाइज फुटबल नेपाल सुपर लिग एनएसएलको तयारी पूरा भएको छ ।

बुधबार बेलुकी काठमाडौंमा पत्रकार सम्मेलन गर्दै एनएसएलका निर्देशक श्रेयांस कार्कीले प्रतियोगिता सुरु हुनु दुई दिन अघि सबै तयारी पूरा भएको घोषणा गरेका हुन् ।

'अब हामी दुई दिन टाढा छौं एनएसएलबाट, सबै तयारी भइसकेको छ,' पत्रकार सम्मेलनमा उनले भने, 'विदेशी खेलाडीहरु आइसकेका छन् । केही विग नेम छन् । विदेशी कोच छन् । आइकोनिक क्याटेगोरी छन् । त्यमसा पालयन भइसकका खेलाडीहरु पनि फर्किएका छन् ।'

कोरोना भाइरस संक्रमणका कारण पहिलो सिजन दर्शकको उपस्थिति बिना प्रतियोगिता भएको थियो । यस पटक स्टेडियममा दर्शक उपस्थित हुने छन् ।

दर्शकको मनोरञ्जनका लागि स्टेडियमा डीजे र चियर लिडरलाई पनि एनएसएलमा समावेश गराउने कार्कीले बताए । प्रतियोगिताको उद्घाटन समारोहमा सुशान्त केसी, ट्वीनी गर्ल्स र वाङ्देन शेर्पाले मनोरञ्जनात्मक प्रस्तुति दिने छन् ।

लेजेण्ड फुटबलर डिडियर ड्रोग्बा पनि एनएसएलका बेला काठमाडौं आउने भएकाले धेरै समर्थक उत्साहित रहेको कार्कीले बताए । पारिवारिक कारणले ड्रोग्बाको नेपाल आउने मिति तय नभए पनि उनी प्रतियोगिताकै बीचमा नेपाल आउने कार्कीले जानकारी दिए ।

एक महिनासम्म चल्ने प्रतियोगिताका खेल हिमालय टेलिभिजनबाट प्रत्यक्ष प्रसारण हुने छ । टिकेटिङ पार्टनरका रुपमा आईएमई पे छ ।

९ टिम सहभागी यो प्रतियोगिताका खेलहरु दशरथ रंगशालामा हुने छन् । सबै टिमले एक अर्काविरुद्ध खेलेपछि शीर्ष दुई टिमले क्वालिफायर र तेस्रो र चौथो टिमले इलिमिनेटर खेल्ने छन् ।

*(स्रोत: अनलाइनखबर)*

# 'दिमाग खराब'ले उठाएको ५० प्रतिशत सेयरको विषय मिलाउनै सकस




काठमाडौं/कात्तिक २४ गतेदेखि प्रदर्शनमा उत्रिएको फिल्म 'दिमाग खराब'का निर्देशक निश्चल बस्नेत र निर्माता रौनक विक्रम कडेलले विदेशी फिल्मसरह शोज र फिल्म चलुन्जेल निर्मातालाई ५० प्रतिशत सेयर नदिए प्रदर्शन रोक्ने घोषणा गरेपछि फिल्म क्षेत्रमा ठूलै हलचल ल्यायो । निर्मातादेखि कलाकारसम्म फिल्मले गरेको निर्णयको पक्षमा उभिएपछि प्रदर्शक र वितरकलाई ठूलो दबाब सिर्जना भयो ।

यसपछि प्रदर्शक तथा वितरकहरुको छाता संस्था नेपाल चलचित्र संघले फिल्मका निर्माताहरुसँग छलफल गरेर समान शोज बाँड्ने सहमति गर्‍यो । ५० प्रतिशत सेयरको विषयमा छलफल गर्न भने मंसिर ५ गते (मंगलबार) पुन: बैठक बस्ने सहमति भएको थियो । यसका लागि संघले वार्ता टोली गठन गरेर मंगलबार फिल्मको टिम र चलचित्र निर्माता संघसँग झण्डै चार घण्टा वार्ता गरेको थियो ।

तर, मंगलबारको वार्ता निष्कर्षविहीन हुन पुगेको छ । केही प्रदर्शकहरुले फिल्म चलुन्जेल ५० प्रतिशत सेयर बाँड्ने विषयमा विमति जनाएपछि सहमति जुट्न नसकेको जानकारी प्राप्त छ । हलमा ट्रेलर तथा पोस्टर लगायतका प्रचार सामाग्रीको प्रयोगको विषयमा पनि दुई संस्थाबीच छलफल भएको थियो । सेयरलगायतको विषयलाई टुंग्याउन बुधबार संघकै कार्यालयमा पुन: छलफल हुँदैछ ।

'दिमाग खराब'ले उठाएको मागमा चलचित्र संघ सकारात्मक देखिएपछि मंगलबारसम्म फिल्मको प्रदर्शन यथावत् राखिएको थियो । वार्ताको निष्कर्षको पखाईमा हलहरुले मंगलबार साँझसम्म बुधबारका लागि शोज नै बाँडेका थिएनन् । बुधबार पुन: वार्ता गर्ने गरि प्रदर्शन जारी राख्ने सहमति भएपछि फिल्मको शोज खुलाइएको थियो । बुधबारको निर्णायक वार्ताले फिल्म रिलिजको निधो गर्नेछ ।

प्रदर्शनको पहिलो र दोस्रो हप्ता प्रदर्शक र निर्माताले ५०/५० प्रतिशत सेयर पाउने गर्छन् । तर, तेस्रो हप्तादेखि निर्माताले जम्मा ३५ प्रतिशत र प्रदर्शकले ६५ प्रतिशत सेयर पाउँछन् । जसले गर्दा राम्रो व्यापार गर्ने फिल्मका निर्मातालाई तेस्रो हप्ताबाट ठूलो घाटा हुने गरेको छ । यसैले पनि 'दिमाग खराब'ले उठाएको सेयर बाँडफाँडको विषयमा अधिकांश निर्माताले ऐक्यबद्धता जनाएका छन् ।

# फिल्म छायांकन नहुँदा गीतमा वर्षाको व्यस्तता

काठमाडौं/यस वर्ष अभिनेत्री वर्षा सिवाकोटीका लागि सुखद् बन्यो । ७ वर्षपछि उनले हिट फिल्म पाएकी छन् । दशैंको अवसर पारेर असोज २६ गते प्रदर्शन भएको फिल्म 'परदेशी २' व्यावसायिक रुपमा सफल हुँदा उनको करिअरलाई ठूलो राहत मिलेको छ । श्रृंखलाबद्ध रुपमा फिल्म असफल भैरहँदा पनि उनी कामविहीन भने हुनु परेको थिएन । फिल्म तथा म्यूजिक भिडियोमा राम्रै व्यस्तता थियो ।

तर, डेढ वर्षयता उनले कुनै फिल्मको छायांकन गरेकी छैनन् । न त म्यूजिक भिडियोलाई प्राथमिकता दिएकी छन् । बरु फिल्मका गीतमा अभिनय गरिरहेकी छन् । गत भदौमा प्रदर्शनमा आएको फिल्म 'गणपति'को 'टुकी झ्याप' बोलको गीतमा उनले नृत्य गरेकी थिइन् । यही साता वर्षाले मंसिर २९ गतेदेखि प्रदर्शन हुन लागेको फिल्म 'दुई कदम'को 'ए मेरा बाबै नि' गीतमा नृत्य गरेकी छन् ।

उनी सम्झौता गरेका फिल्मको छायांकन सुरु नहुनाले गीतमा काम गरिरहेको बताउँछिन् । 'दुई कदम'को गीत छायांकनको क्रममा उनले भनेकी छन्, 'मेरो दुईवटा फिल्म घोषणा भैसकेका छन् । तर, छायांकनमा जान सकेको छैन । म अहिले त्यही फिल्म पर्खेर बसिरहेको छु । किनकि, यी दुईवटै मैले एकदमै आशा गरेका फिल्महरु हुन् । त्यसैले पनि मैले अरु फिल्म सम्झौता गरेको छैन ।'

अहिले आफू फिल्म छनोटमा चुजी भएको पनि उनको भनाई छ । राम्रो गीत आउँदा भने काम गर्ने गरेको वर्षा बताउँछिन् । उनले भनेका दुईवटा फिल्ममध्ये एउटा चाहिँ 'काजी' हो, जुन आगामी माघबाट छायांकन सुरु हुँदैछ । लक्ष्मण रिजालको निर्देशनमा बन्न लागेको फिल्ममा उनको जोडी अभिनेता विपिन कार्कीसँग बाँधिँदैछ । यो फिल्मलाई लिएर उनी उत्सुकसँगै गम्भीर देखिएकी छन् ।

**स्तनपान: बालबालिकालाई वरदान**

**आमाको दूध बालबालिकाका लागि अमृत समान हुन्छ ।**

त्यसैले

- स्वास्थ्यकर्मीहरुले आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु सिफारिस गर्नु हुँदैन,
- आमाको दूधको विकल्पमा बट्टाको दूध, दूधदानी जस्ता वस्तुको प्रवर्द्धन गर्नु हुँदैन,
- त्यस्ता वस्तुको उत्पादन वा वितरकबाट कुनै पनि किसिमको नमूना लिने तथा आर्थिक वा भौतिक उपचार लिनु हुँदैन ।

त्यस्तो कार्य गरेको पाइएमा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (विक्री वितरण नियन्त्रण) ऐन, २०४९ अनुसार कारबाही हुनेछ ।

हेटौंडा उपमहानगरपालिका
३ नं. वडा कार्यालय
बसामाडी, हेटौंडा

# थाहा महोत्सवको तयारी धमाधम

साझाकुरा संवाददाता

हेटौंडा, ६ मंसिर/थाहा नगरपालिकाको ईन्द्रायणी चौरमा १४ मंसिरबाट सुरु हुने चौथो थाहा महोत्सवको तयारी धमाधम भइरहेको छ । महोत्सवमा राखिने स्टल र मनोरञ्जनात्मक सामग्री निर्माणको काम अहिले धमाधम भइरहेको छ ।



थाहानगर उद्योग वाणिज्य संघको मुख्य आयोजना तथा थाहा नगरपालिकाको आयोजना र ईन्द्रायणी कालाभैरव गुठीको सहआयोजनामा हुने भएको हो । यही मंसिर १४ गतेदेखी २६ गतेसम्म १२ दिनसम्म सञ्चालन हुन लागेको हो । महोत्सवमा कृषिउपज, घरेलु हस्तकला, स्थानीय उत्पादन, कुलेखानीको माछा, नेवारी परिकार बिक्री तथा प्रदर्शनी, सूचना प्रविधिसम्बन्धी जानकारी, दैनिक उपभोग्यलगायत सामग्री राखिने महोत्सव आयोजक मुल समिति संयोजक पुरुषोत्तम ढकालले बताए ।

महोत्सवमा रोटेपिङ, बालउद्यानका सामग्री, आकर्षण टिकटक स्टेज, ड्रागन रेललगायत राखिने मुल आयोजक समितिका थाहानगर उद्योग वाणिज्य संघका महासचिव जर्म श्रेष्ठले बताए । उनका अनुसार अहिले यी कामहरु भैरहेका छन् । कोभिड-१९ महामारीको समयमा नियमितता दिन नसकेको महोत्सव थाहानगर उद्योग वाणिज्य संघको मुख्य आयोजना तथा थाहा नगरपालिकाको आयोजना र ईन्द्रायणी कालाभैरव गुठीको सहआयोजनामा सञ्चालन हुन लागेको हो । स्टल निर्माणका काम पनि धमाधम भइरहेको उनले बताए । अहिले धेरैजसो स्टलहरु बुकिङ भैरहेको र बुकिङ गर्न इच्छुकले छिटो सम्पर्क गर्न उनले आग्रह गरेका छन् । महोत्सवमा चर्चित राष्ट्रिय कलाकार र स्थानीय कलाकारको सहभागिता रहने आयोजकले जनाएको छ ।

# मकवानपुरसहित ३५ जिल्लामा पुगे स्टक ब्रोकरका शाखा

साझाकुरा संवाददाता

हेटौंडा, ६ मंसिर/स्टक ब्रोकर कम्पनीहरुले विभिन्न जिल्लामा शाखा विस्तारको क्रमलाई बढाएका छन् । मकवानपुरसहित देशका ३५ जिल्लामा ब्रोकर कम्पनीहरुले शाखा विस्तार गरेका छन् ।

नेपाल स्टक एक्स्चेन्जका अनुसार देशभर ८२ वटा स्टक ब्रोकर कम्पनी सञ्चालनमा छन् । यीमध्ये केहीले भने सीमित कारोबार गर्न सक्नेछन् । सञ्चालनमा रहेका यी ८२ स्टक ब्रोकरमध्ये ४३ कम्पनीले काठमाडौंबाहिर शाखा विस्तार गरेका छन् भने ३९ कम्पनी काठमाडौंमा मात्रै सञ्चालनमा छन् । काठमाडौंबाहिर कास्की जिल्लामा सबैभन्दा धेरै ९ ब्रोकर कम्पनीका शाखा विस्तार भएका छन् ।

मकवानपुरमा भने तीनवटा ब्रोकर कम्पनी सञ्चालनमा छन् । मकवानपुरमा स्वर्णलक्ष्मी सेक्युरिटिज, भृकुटी र अर्को एक कम्पनी सञ्चालनमा रहेको नेपाल स्टक एक्स्चेन्जले जनाएको छ । सहरी क्षेत्र भएका जिल्लामा धेरै कम्पनीका शाखा विस्तार भएको छ ।

कास्कीपछि झापा, चितवन, रुपन्देही, मोरङजस्ता जिल्लामा ब्रोकरको संख्या उल्लेख्य देखिएको छ । काठमाडौंबाहिर सबैभन्दा धेरै शाखा विस्तार गर्ने ब्रोकर कम्पनीमा भिजन सेक्युरिटिज कम्पनी छ । यो कम्पनीले काठमाडौंबाहिर ११ वटा शाखा विस्तार गरेको छ ।

# जिल्लामा प्रतिजैविक औषधिको उचित प्रयोगमा जोड

साझाकुरा संवाददाता

हेटौंडा, ६ मंसिर/ प्रतिजैविक औषधि (एन्टीबायोटिक) को उचित प्रयोग नगर्दा प्रतिजैविक प्रतिरोधका कारण मृत्यु हुनेको संख्या बढ्दै गएको जनाइएको छ ।



मानिसले जैविक संक्रमणका बेला बढी औषधि प्रयोग र कम मात्राको प्रतिजैविक औषधिको प्रयोग दुवै कारणबाट मृत्यु हुनेको संख्या बढेको भन्दै चिन्ता व्यक्त गरिएको छ । स्वास्थ्य कार्यालय मकवानपुरको आयोजनामा मंगलबार हेटौंडामा विश्व प्रतिजैविक प्रतिरोध सचेतना सप्ताहअन्तर्गत भएको अन्तरक्रिया कार्यक्रममा आफ्नो प्रस्तुतीकरण दिँदै डा. सविता पौडेलले विश्वमा जैविक संक्रमणबाट प्रतिमिनेट ३ जनाको मृत्यु हुने गरेको तथ्यांक प्रस्तुत गरिन् । विश्व स्वास्थ्य संगठनको तथ्यांकलाई उदृत गर्दै डा. पौडेलले जैविक संक्रमणका कारण विश्वमा वार्षिक करिब ७ लाख जनाको मृत्यु हुने गरेको बताइन् ।

मानिसले जथाभावी रुपमा प्रतिजैविक औषधिको प्रयोग गर्नुका साथै मासु, दूध र अण्डाका लागि पालिएका पशुपंक्षीमा प्रयोग गरिएका अत्याधिक प्रतिजैविक औषधिका कारण मानिसमा प्रतिजैविक प्रतिरोधको समस्या बढ्दै गएको जनाइएको छ । जिवाणु नष्ट गर्नका लागि बनाइएका प्रतिजैविक औषधि (एन्टीबायोटिक) विरुद्ध पनि जिवाणुले प्रतिरोध गर्न थालेको भन्दै जैविक संक्रमणबाट बच्नु नै उत्तम विकल्प भएको कार्यक्रममा बताइएको हो । प्रस्तुतीकरणमा डा. पौडेलले विश्व स्वास्थ्य संगठनको विश्वव्यापी कार्ययोजना, राष्ट्रिय कार्ययोजना, जैविकीय संक्रमण हुनबाट बच्न अपनाउनुपर्ने विधिलगायतको बारेमा जानकारी दिएकी थिइन् ।

कार्यक्रममा भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञकेन्द्र मकवानपुरका डा. बिमोचन पौडेलले पशुपंक्षीमा प्रयोग हुने प्रतिजैविक औषधिका कारण त्यसले मानिसमा पनि असर गरिरहेको बताए । अत्याधिक मात्रामा प्रतिजैविक औषधि प्रयोग गरिएका पशुपंक्षीको मासु, अण्डा, दूध मानिसले सेवन गर्दा मानिसमा प्रत्यक्ष असर पुगिरहेको उनले बताए ।

पुशपंक्षीमा प्रतिजैविक ओषधि प्रयोग गरेको निश्चित समयपछि मात्र मासु र दूध प्रयोग गर्न मिल्ने भएता पनि त्यसको निगरानी र नियन्त्रण नहुँदा पशुबाट मानवमा जैविक संक्रमण प्रतिरोधात्मक क्षमता घट्ने गरेको डा. पौडेलले बताए । कार्यक्रममा जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख कृष्णबहादुर मिजार, औषधि व्यवसायी, पत्रकार लगायतका सरोकारवालाको उपस्थिति रहेको थियो ।

# मकवानपुरसहित पाँच जिल्लाका पत्रकारलाई अनलाईन तालिम

साझाकुरा संवाददाता

हेटौंडा, ६ मंसिर/ सञ्चार रजिष्ट्रारको कार्यालय हेटौंडाको आयोजनामा मंगलवारदेखि काभ्रेको धुलिखेलमा मल्टिमिडिया तथा अनलाइन पत्रकारिता तालिम सुरु भएको छ । तालिममा दोलखा, मकवानपुर, काठमाडौं, ललितपुर र चितवनका २५ जना पत्रकारको सहभागिता रहेको छ ।

बागमती प्रदेशका सञ्चार रजिष्ट्रार रेवतीप्रसाद सापकोटाले प्रदेशका पत्रकारको गुणस्तर बृद्धिगर्नका लागि तालिमको आयोजना गरिएको बताए । उनले आगामी दिनमा थप जिम्मेवार र जवाफदेही भएर पत्रकारिता गर्न सहभागीलाई आग्रह गरे ।

पाँच दिनसम्म चल्ने तालिममा प्रशिक्षकद्वय प्रवेश सुवेदी र बिनोद ढुंगेलले प्रशिक्षण दिनेछन् । तालिम कार्यक्रममा आन्तरिक मामिला तथा कानून मन्त्रालय उपसचिव, (कानून)/ प्रवक्ता मेनुका घिमिरे, बागमती प्रदेश सूचना पुनरावेदन समिति अध्यक्ष हरि अधिकारी, नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिका महासचिव कृष्ण सारुमगर लगायतको सहभागिता रहेको थियो ।

सञ्चार रजिष्ट्रारको कार्यालय हेटौंडाले पत्रकारको क्षमता अभिबृद्धि गर्नका लागि महिला पत्रकारलाई समाचार सम्पादन, प्राविधिक र व्यवस्थापक तालिम, मोबाइल पत्रकारिता तालिम, डेटा ड्रिभन लगायत तालिमहरु सञ्चालन गर्दै आइरहेको छ ।

# कार्कीलाई ह्वीलचियर सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, ६ मंसिर/ सामाजिक सेवामा क्रियाशील सहयोगी मन नेपालले हेटौंडा-५ निवासी ६० वर्षीया सावित्री कार्कीलाई एकथान ह्वीलचियर प्रदान गरेको छ ।



विगत १४ वर्षदेखि थलिएर रहेकी सावित्रीले ह्वीलचियर भएर आफूलाई सजिलो हुने बताएपछि आफूले सहयोग गरेको सहयोगी मन नेपालका अध्यक्ष केदार प्रसाद चौलागाईंले बताए । संस्थाका बरिष्ठ सल्लाहकार शिव खनाल, हेटौंडा-६ का पूर्वअध्यक्ष अर्जुन चौलागाईं लगायतको सहयोगमा ह्वीलचियर प्रदान गरिएको हो । ह्वीलचियर प्राप्त गरेपछि सावित्रीले खुशी व्यक्त गरिन् । आफूलाई आगामी दिनमा ह्वीलचियरबाट निकै सजिलो हुने भन्दै सहयोग गर्ने संस्था सहयोगी मनलाई उनले आभार व्यक्त गरिन् ।


## भूकम्पको जोखिमबाट सुरखित बनौं

- भूकम्प जाँदा कमजोर संरचनाका कारण बढी जनधनको क्षति हुने गर्दछ ।
- घर तथा अन्य संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधी तथा बलियो बनाऔं ।
- प्राविधिकको सल्लाह लिएर मात्र सुरक्षित घर बनाऔं र पुरानो भए मर्मत सम्भार गरौं ।
- भूकम्पबाट सुरक्षित रहन आवश्यक पूर्वतयारी गरौं ।
- भूकम्प जाँदा आत्तिएर जथाभावी दौडने र भाग्ने नगरौं ।
- धैर्यता पूर्वक घर/भवन बाहिर खुला तथा सुरक्षित स्थानमा जाऔं ।
- भूकम्पमा अप्ठ्यारो परेकालाई सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## जय शिव शम्भो
## धार्मिक यात्रामा जाने हो ?



मथुरा, वृन्दावनको लागि
२०८० मंसिर १४ गते
रिजर्भ बस खुल्दैछ

*(दर्शनीय स्थानहरु: राम जन्मभूमि अयोध्या, नैमिसारण्य, मथुरा, वृन्दावन, गोकुल, गोवर्धन, नन्दगाउँ, वर्सानाहुँदै ८ देखि ९ दिनमा नेपाल आइपुगिनेछ ।)*

भाडा प्रतियात्रु ने.रु. १६,०००।- लाग्नेछ ।
(विहान बेलुकाको खानासहित)

*(नोट: रिक्सा, टाँगा, धर्मशाला अन्य खर्च यात्रु स्वयम्ले व्यहोर्नु पर्नेछ ।)*

**सम्पर्क:**
गोपाल थापा
हेटौंडा बसपार्क
९८४५२९७६८१


## पालुङ्ग बहुउद्देश्यीय सहकारी संस्था लि.
## PALUNG MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD
पालुङ, मकवानपुर । Palung, Makawanpur

## धितो सुरक्षणमा रहेको सम्पतिहरू लिलाम बिक्रीसम्बन्धी १५ दिने सूचना

***प्रकाशित मिति: २०८०/०८/०७***

यस सहकारीबाट ऋण/कर्जा लिनुहुने तपसिलको ऋणीले लिएको ऋण कर्जाको साँवा, व्याज र अन्य दस्तुर संस्थासँगको शर्त कबुलियतबमोजिम समय समयमा संस्थालाई तिर्न बुझाउन लिखित एवं मौखिक तर ताकेता गर्नुको साथै राष्ट्रिय दैनिक पत्रपत्रिकामार्फत ऋण/कर्जा चुक्ता गर्नेबारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सो को बेवास्ता गरी संस्थालाई तिर्न बुझाउन पर्ने रकम बुझाउन नआएकोले कर्जा लिंदाको बखत सुरक्षणमा लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा रहेको छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

संस्थाको कर्जा सुरक्षण स्वरुप रहेको तपसिलमा उल्लेखित चलअचल सम्पत्ति (जग्गा) लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र यस संस्थाको प्रधान कार्यालय थाहानगरपालिका वार्ड नं. ४ मकवानपुरमा आई पुग्ने गरि गोप्य सिलबन्धि बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ । तोकिएको समयभित्र संस्था समक्ष प्राप्त बोलपत्रहरु मिति २०८०।०८।२० गते, दिनको ठिक ४:०० बजे संस्थाको प्रधान कार्यालय थाहा नगरपालिका वार्ड नं. ४ मकवानपुरमा खोलिनेछ । उक्तदिन समयमा उपस्थित हुनु हुन बोलपत्रवालाहरु साथै कर्जा सुरक्षण बापत संस्थाको नाममा जग्गा रोक्का गरिदिनु हुने धितो धनी तथा ऋणसँग सम्बन्धित सम्पूर्ण पक्षहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं । बोलपत्र फारम संस्थाको प्रधान कार्यालयबाट रु ५०० (फिर्ता नहुनेगरी) तिरी खरिद गर्न सकिनेछ । बोलपत्रका साथ लिलाम सकार्न कवुल गरेको कुल अंकको १० प्रतिशत धरौटीबापत जम्मा गर्नु पर्नेछ । बोलपत्रको सम्पूर्ण शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । लिलाम बिक्री हुन लागेको सम्पत्तिको विस्तृत विवरण बुझ्न चाहेमा यस संस्थाको प्रधान कार्यालय थानाबजार मकवानपुरमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

**तपसिल**

| क्र.सं | ऋणीको तिनपुस्ते विवरण | फोटो | धितोको विवरण |
|---|---|---|---|
| १. | **नाम :** सुश्री पुर्णमाया रुम्बा<br>बाबुको नाम: कृष्ण बहादुर रुम्बा<br>पतिको नाम : सानुकान्छा स्याङतान<br>ना.प्र.प.नं. ४४३<br>जारी मिति: २०४४/१०/२६<br>ठेगाना: बज्रबाराही ४, मकवानपुर |  | पुर्णमाया रुम्बाको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं ६ स्थित कि.नं. ११४४ को क्षेत्रफल ११-१२-२-१को जग्गा । |
| २. | **नाम :** बिनोद कुमार स्याङतान<br>बाबुको नाम : सानुकान्छा स्याङतान<br>बाजेको नाम : कृष्ण बहादुर स्याङतान<br>ना.प्र.प.नं. ३१३०३४/४७४<br>जारी मिति: २०४२/०१/१४<br>ठेगाना: बज्रबाराही ४, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>नाम: सुश्री पुर्णमाया रुम्बा<br>बाबुको नाम: कृष्ण बहादुर रुम्बा<br>पतिको नाम : सानुकान्छा स्याङतान<br>ना.प्र.प.नं. ३१३०३४/४०४<br>जारी मिति: २०६३/११/०८<br>ठेगाना: बज्रबाराही ४, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>नाम: सानुकान्छा स्याङतान<br>बाबुको नाम: कृष्ण बहादुर स्याङतान<br>बाजेको नाम : पर्शुरामबहादुर स्याङतान<br>ना.प्र.प.नं. १४३५<br>जारी मिति: २०४३/०८/२६<br>ठेगाना: बज्रबाराही ४, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>नाम: सुन्दर स्याङतान<br>बाबुको नाम : सानुकान्छा स्याङतान<br>बाजेको नाम : कृष्ण बहादुर स्याङतान<br>ना.प्र.प.नं.<br>जारी मिति:<br>ठेगाना: बज्रबाराही ४, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>नाम: सुनिल स्याङतान<br>बाबुको नाम : सानुकान्छा स्याङतान<br>बाजेको नाम : कृष्ण बहादुर स्याङतान<br>ना.प्र.प.नं.<br>जारी मिति :<br>ठेगाना: बज्रबाराही ४, मकवानपुर | <br><br><br> | सानुकान्छा स्याङतानको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं २ स्थित कि.नं. १५८२ को क्षेत्रफल ०-११-०-० को जग्गा |

## पालुङ्ग बहुउद्देश्यीय सहकारी संस्था लि.
## PALUNG MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD
पालुङ, मकवानपुर । Palung, Makawanpur

## तपसिलका ऋणीलाई कर्जा भुक्तानी गर्ने ३५ दिने सार्वजनिक सूचना

***प्रकाशित मिति : २०८०/०८/०७***

यस सहकारी संस्थाबाट तपसिलका ऋणीहरुलाई तपसिलमा उल्लेख भए बमोजिमको कर्जा सम्झौताको शर्त तथा तालिकाअनुसार बुझाउनु पर्ने सावा ब्याज रकम संस्थाले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट अनुरोध गरी पटक पटक म्याद दिँदा समेत रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस दिन) भित्र सम्पूर्ण ऋण रकम (सावाँ, ब्याज र हर्जाना आदि समेत) चुक्ता भुक्तानी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ । अन्यथा कर्जा सम्बन्धि सम्झौताका शर्त, लिखत तथा प्रचलित नेपाल कानूनबमोजिम कर्जा अशुल्ने क्रममा तपाईले धितो बन्धक स्वरुप यस संस्थामा सुरक्षण राखिदिएको तपसिल बमोजिमको सम्पत्ति बेचविखन गरी कर्जा रकम असूलउपर गरी लिइनेछ । सोबाट समेत असुलउपर हुनु पर्ने सम्पूर्ण रकम असुलउपर हुन नसकेमा प्रचलित कानूनअनुसार तपाई ऋणीको अन्य चलअचल सम्पत्ति, जायजेथा समेतबाट संस्थाले आफ्नो लेना रकम असुलउपर गरि लिनेछ । उपरोक्त कारवाहीको सिलसिलामा लाग्ने सम्पूर्ण खर्च समेत तपाई ऋणीबाट नै भराई लिईनेछ । तपाई ऋणीबाट सम्पूर्ण रकम असुलउपर नभएको खण्डमा ऋणीको कर्जा रकमको सुरक्षण वापत जमानी बसी दिने व्यक्तिले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला । अन्यथा सोहीअनुसार भै जाने व्यहोरा समेत सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपसिल**

| क्र.सं | ऋणीको तिनपुस्ते विवरण | फोटो | धितोको विवरण |
|---|---|---|---|
| १. | **नाम :** रामकृष्ण ढुँगाना<br>बाबुको नाम : टंकनाथ ढुँगाना<br>बाजेको नाम : हरिप्रसाद ढुँगाना<br>ना.प्र.प.नं. ३१/२७०<br>जारी मिति: २०४६/०२/०४<br>ठेगाना: बज्रबाराही ५, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>नाम: टंकनाथ ढुँगाना<br>बाबुको नाम: हरि प्रसाद ढुँगाना<br>बाजेको नाम: पृथीनारायण<br>ना.प्र.प.नं. १५६<br>जारी मिति:२०३१/०५/०६<br>ठेगाना: बज्रबाराही ५, मकवानपुर | <br> | टंकनाथ ढुँगानाको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं ४ स्थित कि.नं. ३७९/३७८/३८१/३८२/३८४ को क्षेत्रफल ०-१३-३-०/०-१२-२-०/ ०-२-०-०/०-१३-२-०/०-५-२-० को जग्गा । |
| २. | **नाम :** अशोक अधिकारी<br>बाबुको नाम : एक बहादुर अधिकारी<br>बाजेकोको नाम : तेज बहादुर अधिकारी<br>ना.प्र.प.नं. ४४।६९५<br>जारी मिति: २०५३।१२।१३<br>ठेगाना: बज्रबाराही ४, मकवानपुर |  | यातायात व्यवस्था कार्यालय बागमती प्रदेश मादर्ता वहाल रही यस सँस्थाको नाममा अशोक अधिकारी ऋणी रहने गरी नामसारी भएको प्रदेश ३-०२.०१३ प ६९१०को मोटरसाईकल<br>PRADESH 3-02.013 PA 6910<br>Engine Number: G3J3E0514139<br>Chasis Number: ME1RG445CK0069982<br>Colour: Mat Green |
| ३. | **नाम :** राजकुमार खत्री<br>बाबुको नाम : रामजीखत्री<br>बाजेको नाम : बिर बहादुर खत्री<br>ना.प्र.प.नं. १६९<br>जारी मिति: २०४४।११।१८<br>ठेगाना: पालुङ ४, मकवानपुर |  | राजकुमार खत्रीको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला पालुङ गा.वि.स वार्ड नं ३ स्थित कि.नं. १०८ को क्षेत्रफल ०-१२-३-३ को जग्गा । |
| ४. | **नाम :** ठाकुर सिँ मुक्तान<br>बाबुको नाम : पुर्ण बहादुर मुक्तान<br>बाजेको नाम : रामबहादुर मुक्तान<br>ना.प्र.प.नं. ३६।१३६<br>जारी मिति: २०५५।१०।१२<br>ठेगाना: गोगने १, मकवानपुर |  | ठाकुर सिँ मुक्तानको नाउँमा मालपोत कार्यालय हेटौडाको दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला गोगने गा.वि.स वार्ड नं. ३ को स्थित कि.नं. २६५, २६६, २६७ को क्रमश: क्षेत्रफल २-१४-२-३, १-१०-०-१, १-१-२-० जग्गा । |
| ५. | **नाम :** बबिता बिष्ट<br>बाबुको नाम : शिबजीथापा<br>पतिको नाम : बद्री बिष्ट<br>ना.प्र.प.नं. ३१३०२७/१८७<br>जारी मिति: २०३९/०३/०९<br>ठेगाना: दामन ३, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नाम:** बद्री बिष्ट<br>बाबुको नाम: बलराम बिष्ट<br>बाजेको नाम: टेक बहादुर बिष्ट<br>ना.प्र.प.नं. ५२९ ना.म.<br>जारी मिति:२०४५/०१/१९<br>ठेगाना: दामन ३, मकवानपुर<br>**नाम:** शिबजी थापा<br>बाबुको नाम:टेक बहादुर थापा<br>बाजेको नाम: अमर बहादुर थापा<br>ना.प्र.प.नं: आग्रा २८९<br>जारि मिति:२०४३/०९/२३<br>ठेगाना: आग्रा १, मकवानपुर | <br><br> | शिवजी थापाको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला आग्रा गा.वि.स वार्ड नं ७ स्थित कि.नं. ९८२/९८० को क्षेत्रफल २-१३-०-२/ ५-०-१-० को जग्गा । |

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना